आज मिति २०७८ साल मंसिर ३ गतेका दिन विहान ८ बजेबाट मकवानपुर गढी गाउँपालिकाको अध्यक्ष श्री विदुर हुमागाई ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहायको निर्णयहरु गरियो।

उपस्थिति

श्री विदुर हुमागाई – अध्यक्ष

श्री हर्कमाया कश्या – उपाध्यक्ष

श्री अइत सिं लो – वडा नं १, को वडा अध्यक्ष

श्री बखान सिं पाखिन – वडा नं २ वडा अध्यक्ष

श्री भागवत घिमिरे – वडा नं ३, " "

श्री राम प्रसाद तिमल्सीना – वडा नं:४ "

श्री निरा बहादुर घिमिरे – वडा नं ५ "

श्री सुर्य बहादुर कश्या – वडा नं ६ "

श्री टिका प्रसाद दाहाल – " ७ "

श्री कुमार सिं घिसिङ " ८ "

श्री सुरेन्द्र सुनार " का.पा. सदस्य

श्री पातली मायाँ गोले " " "

श्री मन्जु योन्जन " " "

श्री सुकु मायाँ योन्जन " "

श्री चिनीमायाँ लुङ्वा – का.पा. सदस्य

श्री निर्मला विश्वकर्मा – ,, ,, निर्मला

श्री त्रिम बहादुर परियार – प्र.प्र.अ.

मकवानपुरगढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

मक्रान्चुली,मकवानपुर

३ नं प्रदेश,नेपाल

गाउँकार्यपालिकाको बैठक : २०७६।०८।०३

~~प्रस्तावहरू~~

निर्णयहरू

निर्णय नं १ माथिछलफल गर्दा तपशिलको कार्यविधि पेश भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

क) जलस्रोत उपयोग कार्यविधि, २०७६

ख) दुग्ध उत्पादनमामा आधारित अनुदान कार्यविधि, २०७६

नर्णय नं २ भ्रमण वर्ष २०२० लाई लक्षित गर्दै मकवानपुरगढी गाउँपालिकामा रहेको देहायको पर्यटकिय क्षेत्रलाई सुचिकृत गर्न प्रदेश सकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

क) ऐतिहासिक मकवानपुरगढी दरबार क्षेत्र मकवानपुरगढी-२

ख) मनकामना मन्दिर मकवानपुरगढी-४

ग) सहिद रूद्रबाटिका मकवानपुरगढी-४

निर्णय नं ३ भ्रमण वर्ष २०२० लाई लक्षित प्रचार प्रसार तथा प्रवर्द्धन गर्न प्रचार प्रसार तथा प्रवर्द्धन गर्न मकवानपुरगढी गाउँपालिकाको अध्यक्ष श्री विदुर हुमागाई ज्यूको संयोजकत्वमा तोकिए अनुसार समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं ४ ऐतिहासिक मकवानपुरगढी दरबारको लागि संघिय सरकारबाट प्राप्त हुने बजेट कार्यान्वयनको लागि देहायको शिर्षकमा प्राथमिकताको साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

क) एक दन्ते सेतो हात्तिको मुर्ति स्थापना

ख) मकवानपुरगढी जाने सडकको स्ल्याब ढलान सम्वन्धमा ।

ग) उपुरो कम्पाउण्डवाल निर्माण सम्वन्धमा ।

घ) ऐतिहासिक मकवानपुरगढीको पहिचान र नाम एल्लेखित शिला वा वोर्ड स्थापना सम्वन्धमा ।

निर्णय नं ५. मकवानपुरगढी गाउँपालिका वडा नं २ मा रहेको ढुंगेगढी आनन्द शान्ति पार्कमा निर्माण भएको ढुङगेगढी मन्दिर क्षेत्र मर्मत मर्मत सुधारको लागि रू. १ लाख बजेट मर्मत संभार शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं ६. मकवानपुरगढी गाउँपालिका वडा नं ८ मा निर्माणधिन ऋखेश्वर गुफा पर्यटकिय क्षेत्रको लागि चालु आर्थिक वर्षमा विनियोजित बजेट रू २ कारोड बाट ठेक्का लागि बाँकी रहेको रू ७८ लाख रूपैयाबाट देहायको काम प्राथमिकता दिइ पुनः ठेक्का आवाह्न गर्ने निर्णय गरियो ।

क) गुफा अगाडी झोलुङगे पुल निर्माण

Scanned with CamScanner

ख) थप मुर्ति स्थापना

ग) गुफा सम्म आइपुग्ने सडक स्ल्यब ढलान थप

निर्णय नं ७. भैपरि आउने पुजीगत खर्च शिर्षकबाट देहायको शिर्षकहरुमा अध्यक्ष ज्यूको तोक आदेश अनुसार प्रथमिकता दिई बजेट विनियोजन र कार्यान्वयन गर्ने।

क) कृषि पकेट क्षेत्र सम्मको सडक तथा खानेपानी

ख) पशुपालन फर्म तथा पकेट क्षेत्रसम्मको सडक तथा खानेपानी

ग) पर्यटन पुर्वाधार विकास क्षेत्र को बाटो तथा खानेपानी

घ) विद्यालय स्तरउन्नती तथा फर्निचर व्यवस्थापन

निर्णय नं ८ मकवानपुरगढी गाउँपालिका वडा नं ८ मा निर्माणाधिन ऋखेश्वर गुफाको लागतअनुमान,ड्रइङ डिजाइन तथा विल अफ क्वान्टीटी तयार को लागि कन्टेन्जेन्सी शिर्षकबाट अधिकतम रू. १ लाख सम्म खर्च गर्ने गरि स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ९. मकवानपुरगढी गाउँपालिकाबाट निर्माण हुने सडक कालोपत्रे, सडक स्ल्याव ढलान तथा ड्याम निर्माण लगायतको विकास निर्माणको काममा रू. ५ लाख रूपैया लागत अनुमान भएको योजनाहरूको अनिवार्य रूपमा गुणस्तर परिक्षण गराउने व्यवस्था गर्ने ।

निर्णय नं १० मकवानपुरगढी गाउँपालिकामा विगत २५ महिना देखि कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री भिम वहादुर परियारले आजको मिति सम्म मकवानपुरगढी गाउँपालिकामा आफ्नो पदिय हैसियत तथा निजामती सेवामा रहेर पुर्याउनु भएको योगदानको कदर गर्दै धन्यवाद प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ११ देहायको व्यक्ति तथा निकायलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

१. कृष्ण अधिकारी, - लडेर घाइते रू ३०,०००।-

२. नमराज न्यापाने -मकवानपुरगढी सम्वन्धि डकुमेन्ट्री निर्माण गर्न पर्यटन प्रवर्द्धन शिर्षकबाट रू. ३००००।- उपलब्ध गराउने ।

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner